यो नभन : अल्लाहले जे चाहनुहुन्छ र फलानो जे चाहन्छ, तर यो भन, अल्लाहले जे चाहनुहुन्छ र त्यसपछि फलानोले जे चाहन्छ ।

हुजैफा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "यो नभन : अल्लाहले जे चाहनुहुन्छ र फलानो जे चाहन्छ, तर यो भन, अल्लाहले
जे चाहनुहुन्छ र त्यसपछि फलानोले जे चाहन्छ ।" [सम्पूर्ण तुरुक (सिलसिला) ले गर्दा सही हो] [अबू दाउदले र निसाईले सुनन कुब्रामा तथा अहमदले वर्णन
गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले कुराकानी गर्दा 'अल्लाहले जे चाहनुहुन्छ र फलानोले जे चाहन्छ' भन्न निषेध गर्नुभएको छ ।" वा अल्लाह र फलानोले जे चाहन्छ; किनभने अल्लाहको इच्छा र उहाँको नियत निरपेक्ष छ र यसमा कोही साझेदार छैन । जबकि यहाँ "र" शब्दको प्रयोगले अल्लाहसँग कोही साझेदार छ र दुवै बराबर छन् भन्ने संकेत गर्दछ । तसर्थ, एक मुस्लिमले "जे अल्लाह चाहनुहुन्छ र त्यसपछि जे फलानो चाहन्छ भन्नु पर्छ ।" तसर्थ, "र" को सट्टा "त्यसपछि" शब्दको प्रयोग गर्दा सेवकको इच्छा अल्लाहको इच्छाको अधीनमा हुनेछ । किनकि "त्यसपछि" ले पछि गरिएको जनाउँछ जुन "र" शब्दमा हुँदैन ।

https://sunnah.global/hadeeth/ne/show/3352